**आ.व. ०८२/८३ को सातौँ बैठक**

आज मिति २०८२ साल माघ १३ गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इन्द्र कमल श्रेष्ठ | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री कैलाश लिम्बु

## निर्णयहरु:

**निर्णय नं.१**

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री इन्द्र कमल श्रेष्ठज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

यस गाउँपालिकाको क्षेत्रबाट बग्ने काबेली खोला र तमोर खोलाबाट ढुङ्गा, गिटी बालुवा उत्खनन तथा संकलनका लागि IEE प्रतिवेदन बमोजिम उत्खनन क्षेत्र ३, ६, ७ र ८ बाहेकको अन्य क्षेत्रहरुको लागि अन्य कुनै विषय नखुलाई पहिलो र दोस्रो सूचनाको सर्तहरुनै कायम गरी सोही ढाँचाको पुनः तेस्रो पटक १५ दिने र ३० दिने सूचनामार्फत ठेक्का आव्हान गर्ने निर्णय सर्वसहमतिले गरियो।

**निर्णय नं.-३**

पाथीभरा याङवरक गाउँपालिकाको आ.व.०८२/०८३ को प्रदेश शसर्त अनुदान कार्यक्रम अन्तर्गत कपास र रेसम खेती प्रवर्द्धन कार्यक्रम र मौरी प्रवर्द्धन कार्यक्रमको मितिः२०८२/०९/२८ गते प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम कपास र रेसम खेती प्रवर्द्धन कार्यक्रम पाथीभरा याङवरक गाउँपालिका वडा नं.-५ र ६ स्थित कपास खेति कृषक समूहलाई र मौरी प्रवर्द्धन कार्यक्रम पाथीभरा याङवरक गाउँपालिका वडा नं.-५ र ६ स्थित श्री ससरङ्गी बहुउद्देश्यीय कृषक समूहलाई छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-४**

पाथीभरा याङवरक गाउँपालिकाको आ.व.०८२/०८३ को संघीय शसर्त अनुदान अन्तर्गत पकेट विकास कार्यक्रम अन्तर्गत गत आ.व.मा छनौट भएको पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-४ मा रहेको श्री ज्योती कृषक समूहलाई यस आ.व.मा निरन्तरता दिने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-५**

यस गाउँपालिकाको आ.व.०८२/०८३ मा गाउँसभाबाट स्वीकृत किवि खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नको लागि मितिः२०८२/०८/०१ प्रकाशित प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम प्रस्ताव पेश गरेका २ वटा समूहहरु मध्ये पाथीभरा याङवरक-२ स्थित श्री थेचम्बु कृषि तथा पशुपालन कृषक समूहलाई छनौट गर्ने सर्वसहमतिले निर्णय गरियो।

**निर्णय नं.-६**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं.४२६, मिति २०८२/०३/०४ गतेको पत्रानुसार आ.व.०८२/०८३ को लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको कार्यक्रम "निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान शीर्षकको चार कोठे भवन निर्माणका लागि दुई वटा विद्यालयलाई प्रति विद्यालय रु.६५ लाखको दरले स्थानीय तहमा बजेट विनियोजन भएको र शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं.१८४, मिति २०८२/०८/२२ को विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम कार्यान्वयन सम्बन्धको पत्रानुसार र छनौट भएका विद्यालयहरुले नै विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार योजना सञ्चालन गर्ने गरी श्री महाकाली आधारभूत विद्यालय, थेचम्बुलाई रु.

६५ लाख र श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, थुम्वेदिनलाई रु. ६५ लाख कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ अनुसारको सर्त र प्रकृयाअनुसार कार्यान्वयन गर्ने गरी अनुदान दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-७
शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं.४२६, मिति २०८२/०३/०४ गतेको पत्रानुसार आ.व.०८२/०८३ को लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको कार्यक्रम माध्यमिक विद्यालयहरुबाट प्राप्त प्रस्तावनाहरुमध्ये "विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन" शीर्षकको रु.१० लाख कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ अनुसारको सर्त र प्रकृयाअनुसार कार्यान्वयन गर्ने गरी श्री थेचम्बु माध्यमिक विद्यालयलाई अनुदान दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८
गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनाको लागि यस गाउँपालिकाको वडा नं. १ मा तरकारी खेती कार्यक्रम सञ्चालन गर्ने र स्तरोन्नतीको लागि गत आ.व.मा लघु उद्यम विकास कार्यक्रम सञ्चालन भएको ६ नं. वडामा सञ्चालन गर्ने सर्वसम्मतीले निर्णय गरियो।

निर्णय नं.-९
गाउँसभा र नगरसभा संचालन कार्यविधि ऐन, २०७५ को दफा-३ को उपदफा (१) बमोजिम यस गाउँपालिकाको उन्नाइसौं गाउँसभा (हिंउदे अधिवेशन) मितिः २०८२/११/०४ गते सोमबार सञ्चालन गर्ने र सोहि बमोजिम सबैलाई पत्राचार गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१०
यस गाउँपालिका अन्तर्गत खहरे-पुर्णेडाँडा-गाउँपालिकासम्मको सडकखण्डको खहरेतर्फको २ कि.मी सडक खण्ड यस अघि कालोपत्रेको लागि ठेक्का सम्झौता भई हाल कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको हुँदा, उक्त कार्य सम्पन्न भइन्जेल सो सडक बन्द गर्नु पर्ने अवस्था भएको हुनाले, नागरिकको सहजताको लागि वैकल्पिक सडकको रुपमा भालुचोक-खिबुना-खाल्टे हुँदै पुर्णेडाँडाको सडक प्रयोग गर्नु पर्ने देखिएको हुँदा, गाउँपालिकाको ब्याक हो लोडरमार्फत उक्त सडक मर्मत गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-११
पाथीभरा याङवरक गाउँपालिका वडा नं.-३, तिरिङ्गे निवासी राम कुमार लिम्बुको नाममा दर्ता रहेको साविक तिरिङ्गे-६ को कि.नं. ४२६, क्षेत्रफल २-१०-१-३ र ऐ. निवासी भगीमान कार्कीको नाममा दर्ता कायम रहेको साविक तिरिङ्गे-६ को कि.नं. ८१३, क्षेत्रफल ०-१०-०-० जग्गा श्री सिद्ध कुमारी आ.वि., तिरिङ्गेलाई निःशुल्क नामसारी गरिदिन निजहरुको मञ्जुरीनामा र विद्यालय व्यावस्थापन समितिको निर्णयसहित आएकोले, सरकारी जग्गा दर्ता, उपयोग तथआ लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ को अन्य प्रकृया पुरा गरी उक्त जग्गा सो विद्यालयको नाममा नामसारी गराउनको लागि श्री जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङमा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-१२

आ.व.०८३/०८४ को सत्रौं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यस पाथीभरा याङवरक गाउँपालिकाले सञ्चालन गर्नको लागि जिल्ला खेलकुद विकास समितिको कार्यालय, ताप्लेजुङलाई निवेदन दिने सर्वसहमतिले निर्णय गरियो।